म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २५४ २०८० साउन २४ गते बुधबार 9 August 2023, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

## २४ घण्टामा १० जनालाई डेंगु

हेटौंडाः मकवानपुरमा २४ घण्टामा १० जनालाई डेंगु संक्रमण भएको छ । डेंगु संक्रमण हुनेमा १० जना नै हेटौंडा उपमहानगरपालिकाका रहेका छन् । साउन महिनामा मंगलबारसम्म ४४ जनामा डेंगु देखिएको हो । हेटौंडा उपमहानगरपालिकाभित्र साउन महिनामा १९ जना पुरुष र २१ जना महिलामा डेंगु देखिएको जनस्वास्थ्य निर्देशनालयका सार्वजनिक स्वास्थ्य अधिकारी नवदीप सिलवालले जानकारी दिनुभयो ।

यस्तै, हेटौंडा अस्पतालमा साउन १ देखि २१ सम्म ४० जनामा डेंगु देखिएको छ । अस्पतालमा जाँच गराउन आएका ५ सय २ जनामध्ये ४० जनालाई डेंगु भएको हो । डेंगु जाँच गराएका ४० जनामध्ये ४ जना अस्पतालमै भर्ना भएका छन् । भर्ना भएका ४ जना नै मकवानपुरका र ५० वर्षमाथि रहेका अस्पतालले जनाएको छ ।

# मकवानपुरमा साउनमा २० शिक्षक नियुक्तिको अनुमति

समाज संवाददाता

हेटौंडाः शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले साउन महिनामा मात्रै जिल्लाका विभिन्न विद्यालयमा २० जना शिक्षक नियुक्तिका लागि सूचना प्रकाशित गर्न सम्बन्धित विद्यालयलाई अनुमति दिएको छ । अनुमति दिएका सबै राहत दरबन्दीमा नियुक्त हुनेछन् । इकाईको अनुमतिपछि विद्यालयले सार्वजनिक सूचना प्रकाशित गरेर खुलारुपमा प्रतिस्पर्धा गरी उत्कृष्ट शिक्षक छनोट गर्नुपर्ने हुन्छ। तर, केही विद्यालयले सूचना लुकाएर आफूअनुकुलका व्यक्तिलाई जागिर खुवाउने प्रवृत्ति छ । सञ्चारकर्मीलाई नै सिधै सूचना लुकाउन, सीमितप्रति पत्रिका प्रकाशन गर्न या प्रकाशित सबै पत्रिका खरिद गर्ने सर्तमा सूचना प्रकाशनका लागि आग्रह गर्ने गरेका छन् ।

यस्तो गलत प्रवृत्तिलाई रोक्न समृद्ध समाज दैनिकले शिक्षा विकास तथा समन्वय इकाईले अनुमति दिएको विवरणअनुसार इकाईले शिक्षक नियुक्तिका लागि सूचना प्रकाशन गर्न दिएको अनुमतिको विवरणलाई समाचारको रुपमा सार्वजनिक जानकारीका लागि प्रकाशन गर्दै आएको छ । शिक्षा विकास तथा समन्वय इकाईले साउन ३ गते मनहरी गाउँपालिका-१ स्थित बालजीवनज्योति मावि र मकवानपुरगढी गाउँपालिका-२ स्थित चण्डिका माविमा मावि तहको गणित विषय शिक्षक १/१ जना र हेटौँडा-५ स्थित लक्ष्मी आधारभूत विद्यालयमा एकजना निमावि गणित शिक्षक नियुक्तिका लागि सूचना प्रकाशन गर्न अनुमति दिएको छ ।

इकाईले साउन ७ गते कैलाश गाउँपालिका-९ स्थित कालिका माविमा निमावि तहको गणित शिक्षक एकजना, साउन ११ गते मनहरी-४, पशुपतिनाथ मावि निमावि विज्ञान, भीमफेदी गाउँपालिका-८ स्थित पञ्चकन्या माविका लागि मावि अंग्रेजी विषय, साउन १२ गते बकैया-७ स्थित माटोकोरी आधारभूत विद्यालय र बकैया-१० स्थित शंकर आधारभूत विद्यालयका लागि निमावि विज्ञान तथा प्रविधि विषय शिक्षक १/१ जना नियुक्ति गर्न सूचना प्रकाशन गर्न अनुमति दिएको छ । साउन १२ गते नै हेटौँडा-३ स्थित बालउज्ज्वल माविका लागि निमावि विज्ञान तथा प्रविधि र निमावि तहको अंग्रेजी विषय शिक्षक नियुक्तिका लागि पनि इकाईले सूचना प्रकाशित गर्न अनुमति दिएको छ । यस्तै भीमफेदी गाउँपालिका-५ स्थित महालक्ष्मी माविका लागि निमावि सामाजिक विषयको शिक्षक नियुक्तिका लागि सूचना प्रकाशित गर्न अनुमति दिएको छ ।

साउन १४ गते हेटौंडा-१३ स्थित युगचेतना माविलाई प्रावि तहको शिक्षक नियुक्तिका लागि सूचना प्रकाशित गर्न अनुमति दिएको इकाईले साउन १५ गते मकवानपुरगढी गाउँपालिका-२ स्थित बंशगोपाल माविका लागि निमावि अंग्रेजी, साउन १६ गते मनहरी गाउँपालिका-८ स्थित महेन्द्र किरण माविका लागि मावि तहको सामाजिक विषय शिक्षक, बकैया-७ स्थित जनक माविका लागि निमावि विज्ञान तथा प्रविधि, हेटौंडा-१९ स्थित अरनिको माविका लागि मावि तहमा अंग्रेजी र निमावि तहमा अंग्रेजी र गणित विषय शिक्षक नियुक्तिका लागि सूचना प्रकाशित गर्न अनुमति दिएको छ । यस्तै साउन २२ गते हेटौंडा-१८ स्थित कालीदेवी आधारभूत विद्यालयका लागि एक जना प्रावि तहको शिक्षक नियुक्तिका लागि सूचना प्रकाशित गर्न अनुमति दिएको छ ।

# १,१६८ ले एसईई ग्रेडवृद्धि परीक्षा दिने

समाज संवाददाता

हेटौंडाः एसईईको ग्रेडवृद्धि मौका परीक्षामा सहभागी हुन एक हजार एक सय ६८ जना विद्यार्थीले परीक्षा फारम भरेका छन् । शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका अनुसार गत आइतबारसम्म ग्रेडवृद्धि मौका परीक्षाको फारम भर्ने म्याद थियो । एसईईको ग्रेडवृद्धि मौका परीक्षा आउँदो शुक्रबार र शनिबार हुँदैछ ।

शिक्षा विकास तथा समन्वय इकाईले आज बुधबार बैठक बसी परीक्षा केन्द्र निर्धारण गर्ने केन्द्रका प्रमुख दीनानाथ गौतमले जानकारी दिनुभएको छ। एकजना विद्यार्थीले दुईवटा विषयसम्म ग्रेडवृद्धिको परीक्षा दिन सक्नेछ । गत वर्ष दुई हजार ५ सय २६ जना विद्यार्थीले ग्रेडवृद्धि मौका परीक्षा दिएका थिए । यस वर्ष राम्रो नतीजा प्राप्त गरेका कारण गत वर्षभन्दा कम संख्यामा विद्यार्थीले ग्रेडवृद्धि मौका परीक्षामा सहभागिता जनाउने अवस्था रहेको इकाईको दावी छ ।

### पहिरोमा परी एक जनाको मृत्यु

# एकजनाको जिवितै उद्दार, ५ जना बेपत्ता

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको बागमती गाउँपालिका-५ सिक्रे दोभानमा पहिरोमा परी एक जनाको मृत्यु भएको छ। स्थानीयले एकजनालाई घाइते अवस्थामा उद्दार गरेको छ भने ५ जना अझै बेपत्ता छन् । मंगलबार बिहान पहिरोमा परी ५५ वर्षीया सन्तमाया स्याङ्तानको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

मंगलबार बिहान करिव ४ बजेको समयमा पहिरोले अक्कल बहादुर स्याङ्तानको घर बगाएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक टेक बहादुर कार्कीले जानकारी दिनुभयो । पहिरो परेका ६० वर्षीय अक्कल बहादुर स्याङ्तान, अक्कलबहादुरकी छोरी २२ वर्षीया शिला पहरी, ज्वाई २५ वर्षीय जीवन पहरी, ४ वर्षीय नाती मिलन पहरी, डेढ वर्षीया नातिनी दिव्या पहरी भने अझै हराइरहेका छन् । उनीहरुको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक कार्कीअनुसार उक्त स्थलमा प्रहरी सहायक निरीक्षक भीमबहादुर केसीको कमाण्डमा खोजी कार्य भइरहेको छ । वर्षाका कारण हेटौँडाबाट काठमाडौं जोड्ने सडकहरु अबरुद्ध भएका छन् भने कतिपयस्थान डुबानमा परेको छ ।

# कार्यपालिकाको बैठक आज बस्दै

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका बैठक आज बुधबार बस्दैछ । लामो समयदेखि नबसेको कार्यपालिका बैठक बुधबार बस्न लागेको हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले जानकारी दिनुभयो ।

बजेट विनियोजनपश्चात् नगर पालिकामा कार्यालयका काम बाहेकाका विकास निर्माणको कार्य खासै भएको छैन । कार्ययोजना तयार नभएसम्म कार्यक्रमहरु नरहेको प्रवक्ता न्यौपाने बताउनुहुन्छ। 'वार्षिक कार्ययोजना बानाउने कार्य भइरहेको छ, कार्ययोजना निर्माणपश्चात् तिब्ररुपमा काम अगाडि बढ्छ।' गत साउन ५ गते कार्यपालिका बैठक बसेको न्यौपानेले बताए पनि कार्यपालिका बैठकको निर्णय के भयो भन्ने कुनै जानकारी छैन । आवश्यकताअनुसार कार्यपालिका बैठक बस्छ भनेता पनि बैठक समयमा बसेको देखिँदैन ।

# सुर्तीजन्य पदार्थ बेचबिखन रोक्न उपमहानगरपालिका असफल

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले नगरभित्र सुर्तीजन्य पदार्थ प्रयोग र बेचबिखनमा रोक लगाउन असफल भएको छ । उपमहानगरपालिकाको नेतृत्वले सार्वजनिकरुपमै सुर्तीजन्य पदार्थको नियमन गर्ने उद्घोष गरे पनि त्यसको कार्यान्वयन हुन नसकेको हो ।

हेटौंडा उपमहानगरपालिकाका प्रमुख र उप्रमुखले नगरलाई सुन्दर, सफा नगर बनाउन नगरभित्र झोला, सुर्ती, चुरोटजस्ता सुर्तीजन्य पदार्थ बिक्रीमा रोक लगाउने बताउँदै आउनुभएको छ। बालमैत्री स्थानीय शासनयुक्त उपमहानगरपालिका घोषणाको तयारीको क्रममा उपमहानगरले निषेधित क्षेत्रमा सुर्तीजन्य पदार्थ बिक्री नगर्न सूचित गरे पनि त्यसमा कडाई गर्न नसकेको हो ।

कानुनीरुपमा सार्वजनिक स्थलको एक सय मिटर वरपर सुर्तीजन्य पदार्थ बिक्री गर्न नपाइने नियम छ। सरकारी कार्यालय, विद्यालय, अस्पतालजस्ता सार्वजनिक स्थलको वरिपरि सुर्तीजन्य पदार्थको बिक्रीविरणमा रोक लगाउने भनिए पनि ती क्षेत्रहरुमा सुर्तीजन्य पदार्थ प्रशस्त भेटिने गरेको छ। अस्पतालको आसपासमा पनि प्रशस्त मात्रामा झोला, सुर्ती, चुरोट पाइन्छ ।

उपमहानगरपालिकाले विद्यालय र सरकारी कार्यालय आसपासमा सुर्तीजन्य पदार्थ बिक्री वितरणबारे अनुगमन गरिरहेको बताउने गरेको भए पनि सुर्तीजन्य पदार्थ बिक्री वितरण रोकिएको छैन । उपमहानगरपालिका नेतृत्वको भाषण सुन्दा राम्रो लाग्ने गरेको भए पनि व्यवहारमा कार्यान्वयन नहुँदा नगरबासी दुःखी छन् ।

हेटौंडा उपमहानगपालिका आफैंले सञ्चालन गरेको सार्वजनिक शौचालयबाटै चुरोट, सुर्ती, गुटखा बेचिरहेको पाइएको छ। हेटौंडा-१० को बसपार्क छिर्ने रोड र बसपार्कको पुरानो तरकारी मण्डी नजिक रहेको सार्वजानिक शौचालयमै सुर्तीजन्य पदार्थ झुण्ड्याएर बेच्न राखेको पाहिएको हो । नगर सुन्दर र सफा राख्न लागिपरेको भन्ने उपमहानगरपालिकाले आफैंले सञ्चालन गरेको सार्वजनिक शौचालयबाटै निषेधित वस्तु बिक्री गर्ने कार्य रोक्न सकेको छैन ।

सार्वजनिक स्थल वरपर सुर्तीजन्य पदार्थको बिक्रीमा रोक लगाउन निरन्तर अनुगमन गरिरहको हेटौंडा उपमहानगर पालिकाका प्रवक्ता सविन न्यौपानेले बताउनुभयो। सार्वजनिक स्थानमा निषेधित पदार्थ बिक्री गर्नेलाई कारबाही गर्ने उहाँले दावी गर्नुभयो ।

# लागूऔषधसहित श्रीमान-श्रीमती पक्राउ

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिका-७, पेन्चेबाट लागूऔषध गाँजासहित प्रहरीले श्रीमान-श्रीमतीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा राक्सिराङ गाउँपालिका-८, का ३० वर्षीय तुलबहादुर रुम्बा र रुम्बाको श्रीमती निरकुमारी मोक्तान रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सोमबार भित्री सडकखण्डअन्तर्गत् प्रहरीले अटोमा चढ्नको लागि उभिइरहेको अवस्थामा उनीहरुलाई सुरक्षा जाँच गर्दा उनीहरुको साथबाट ११ किलो लागुऔषध गाँजा फेला पारेको थियो । लागुऔषध गाँजासहित दुवै जनालाई नियन्त्रणमा लिई अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं

रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

# धरान-चतरा सडकखण्ड अवरुद्ध

समाज संवाददाता

हेटौंडाः अविरल वर्षासँगै आएको बाढीले गर्दा मकवानपुरको बागमती गाउँपालिका र सिन्धुली जोड्ने धरान-चतरा सडकखण्ड अवरुद्ध भएको छ । मंगलबार बिहान बागमती नदीले उक्त सडकखण्ड भत्किएसँगै अवरुद्ध भएको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार हाल उक्त सडकखण्ड एकतर्फीरुपमा सञ्चालन भइरहेको छ । सडक एकतर्फी सञ्चालन गरेपनि ठूला सवारी साधनहरु आवतजावतमा भने समस्या भएको जनाएको छ । बागमती-४ स्थित बस्तीमा पनि नदी पस्दा ६ घर डुबानमा परेको जनाएको छ । घर डुबनमा पर्दा कुनै धनजनको क्षति नभएको जनाएको छ ।

# मकवानपुरका सबै सडक खुल्यो

समाज संवाददाता

हेटौंडाः वर्षासँगै आएको पहिरोको कारण सोमबार रातिदेखि बन्द भएको काठमाडौं जोड्ने छोटो दुरीको ठिंगन हुँदै ललितपुर जोड्ने कान्तिलोक पथ सडक खुलेको छ। सोमबार राति ९ बजेको समयमा मकवानपुरको बकैया-११, लामराङमा खसेको पहिरोका कारण सडक अवरुद्ध भएको थियो।

रातिको समयमा पहिरो हटाउन सम्भव नभएपछि मंगलबार दिउँसो २ बजेर २० मिनेटको समयमा पहिरो पन्छाएपछि सडक एकतर्फी खुलेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। हेटौंडा-काठमाडौं जोड्ने छोटो दुरीको सडक हेटौंडा-भैंसे-भीमफेदी-कुलेखानी बिहान खुलेको छ । पहिरो पन्छाउने काम सकिएपछि मकवानपुरका अवरुद्ध भएका सडक सञ्चालनमा आएको छ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

२६ औं स्थापना दिवस (२०८० श्रावण २४) को अवसरमा
सम्पूर्ण शेयर सदस्य तथा शुभेच्छुक महानुभावहरूमा
हार्दिक मंगलमय
शुभकामना

मिठाराम दाहाल
अध्यक्ष
एवम्
नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा-२, मकवानपुर परिवार

नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि.
२०५५
हेटौंडा-२, मकवानपुर

## सम्पादकीय

# डेंगु संक्रमण बढ्न नदिऔं

पूर्वी नेपालमा व्यापक बनिरहेको डेंगु संक्रमणको क्रम हेटौंडामा पनि वृद्धि भएको छ । केही सातादेखि पूर्वी नेपालको धरानमा डेंगुले महामारीको रुप लिएको छ भने आसपासका क्षेत्रमा संक्रमण बढ्दै गएको छ । वर्षा लागेसँगै डेंगु संक्रमण बढ्ने भएकाले यसको संक्रमण सबैतिर फैलिइसकेको छ । २ वटा जिल्लाबाहेक ७५ वटा जिल्लामा डेंगुका बिरामी फेला परिरहेको बताइएको छ । चालु आर्थिक वर्ष (२०७९/०८०)को साउन १ गतेदेखि २२ गतेसम्म मकवानपुरमा ६५ जनामा डेङ्गु संक्रमण देखिएको छ । पछिल्ला दिनहरुमा भने दैनिक १० जनासम्ममा डेंगु संक्रमण पुष्टि हुन थालेपछि यसले मकवानपुरमा पनि महामारीको रुप लिने हो कि भन्ने चिन्ता बढाएको छ । स्वास्थ्य कार्यालय मकवानपुरले हेटौंडाका ३ दर्जनभन्दा बढी सरकारी र निजी संस्थाबाट डेंगु परीक्षण गर्ने र त्यसको तथ्यांक राख्ने गरिएको बताइएको छ । विगतका वर्षहरुदेखि हालसम्म मकवानपुर जिल्लामा ५ हजार ८ सयभन्दा बढीमा डेंगु संक्रमण पुष्टि भइसकेको छ भने डेंगुका कारण एक जनाको मृत्य भएको छ ।

पछिल्ला वर्षहरुमा हेटौंडामा पनि डेंगु संक्रमण तिब्ररुपमा फैलिएर महामारीको रुप लिएको थियो । २०७६ साल र २०७९ सालमा यहाँ डेंगु संक्रमण व्यापक बनेको थियो । २०७७ र २०७८ सालमा भने कोभिड-१९ को संक्रमणका कारण डेंगु परीक्षण र संक्रमण दुबै ओझेलमा परेको थियो । २४ घण्टाभित्र गरिएको परीक्षणमा १० जनामा डेंगु संक्रमण पाइएपछि डेंगुको महामारी फैलने चिन्ता बढेको छ । डेंगु संक्रमण फैलिएर महामारीको रुप लिन नदिन सचेतना अपनाउनुका साथै डेंगु संक्रमण गराउने एकमात्र कारण लामखुट्टेको लार्भा तथा बासस्थान नष्ट गर्ने अभियान सञ्चालन गर्नु आवश्यक भइसकेको छ । लामखुट्टेको टोकाइबाट लाग्ने डेङ्गु रोग नियन्त्रणबारे सोमबार जिल्लास्तरीय अन्तरक्रियासमेत भएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरको सभाहलमा सरोकारवाला निकाय र विभिन्न सामाजिक संघसंस्थाहरुबीच अन्तरक्रिया भएको हो । अन्तरक्रियामा देशका विभिन्न भागमा डेंगु संक्रमण फैलँदै गएको हुँदा मकवानपुरमा पनि डेंगु रोकथामको पूर्वतयारी गर्नुपर्ने र घरघरमा सचेतना फैलाउनुपर्नेमा जोड दिइएको छ ।

डेंगु लामखुट्टेको टोकाइबाट सर्ने संक्रामक रोग हो । यसको भाइरसद्वारा संक्रमित भएको एडिस एजिप्टाई जातको पोथी लामखुट्टेले यो रोग सार्दछ । हेटौंडामा पनि डेंगु संक्रमण व्यापक बन्दा आम सर्वसाधारणमा त्रास बढाएको छ । हेटौंडा अस्पताल तथा निजी अस्पताल र प्रयोगशालामा डेंगु संक्रमण जँचाउन आउनेको संख्या पनि बढ्दै जाँदा यसको नियन्त्रणमा सम्बद्ध निकाय गम्भीर बन्नु आवश्यक देखिएको छ । जिल्लाका सबै स्थानीय तह, वडा र टोल विकास समूहहरु डेंगु रोकथाममा जागरुक बन्नु आवश्यक भइसकेको छ । लामखुट्टेको टोकाइबाट बचन र डेङ्गुबारे सचेत रहन विशेष सतर्कता अपनाउनुपर्छ । वर्षा भर्खर सुरु भएकाले अझै तीन महिनासम्म यसको संक्रमण व्यापक हुने जोखिम रहेको छ ।

वर्षायाममा संक्रमण व्यापक हुने रोगहरुमध्ये डेंगु प्रमुख बन्न थालेको छ । करिब दुई दशक अघिसम्म पत्तै नभएको यो रोग पछिल्ला वर्षहरुमा निकै संक्रामक र व्यापक बनिरहको छ । नेपालमा वर्षेनि डेंगु संक्रमणको दायरा र दर बढिरहेको छ । यो रोग लाग्दा एक्कासी ज्वरो आउने, टाउको, ढाड, जोर्नी दुख्ने, शरीरमा बिमिरा आउने, रक्तचाप घट्ने, नाक, कान, गिजा, गुदद्वारबाट रगत आउनेजस्ता लक्षणहरु देखा पर्ने भएकाले यस्ता लक्षण देखिएमा स्वास्थ्य जाँच गराउनु उचित हुनेछ । हुन त डेंगुको कुनै औषधि, उपचार र खोपसमेत छैन । डेंगु संक्रमण भएमा मनोबल उच्च बनाउँदै स्वास्थ्यकर्मीको सल्लाहअनुसार खानपिन र व्यवहार गर्नुपर्छ । लामखुट्टेको टोकाइबाट बच्नु नै डेंगुबाट बच्ने मुख्य उपाय भएकाले घर वरिपरि सरसफाइ गर्ने, सुत्दा झुलको प्रयोग गर्ने, लामो बाउला भएको लुगा लगाउने, घरका झ्याल एवम् ढोकामा जाली लगाउने, रोगको शंका लागेमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय | ५२०४९५ |
| जिल्ला प्रहरी कन्ट्रोल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| वडा प्रहरी | ५२०२९९ |
| पशुपतिनगर इलाका | ५२०५९८ |
| मनहरी इलाका | ९८५५०९०१६१ |
| भीमफेदी इलाका | ६९१४६२ |
| पालुङ इलाका | ६२०४६७ |
| फापरबारी इलाका | ६२१९८० |
| चित्लाङ इलाका | ६२१००० |
| वारुण यन्त्र | १०१ |
| बालबालिका खोजतलास केन्द्र | १०४ |
| बाल हेल्पलाइन | १०९८ |
| हेलो सरकार | १११११ |
| नेपाल टेलिकम सोधपुछ | १९७ |

## तपाईंको राशिफल

**पं. ज्योतिषः तोयानाथ सुवेदी**
**ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने**
**सम्पर्क : ९७४५०२८५५५**

**मेष** : धार्मिक काममा सरिक भइने समय योग रहेको छ ।
**वृष** : व्यापार–व्यवसायका कामहरु मध्यमकारक छन् ।
**मिथुन** : धार्मिक र परोपकारजन्य काममा सरिक भइने छ ।
**कर्कट** : कर्म प्रतिको निष्ठा बढ्ने समय योग छ ।
**सिंह** : विद्यार्थीका लागि हानिकारक समय योग छ ।
**कन्या** : ठूलाको सल्लाहले काममा पूर्णता प्राप्त होला ।
**तुला** : राजनीति र कार्यक्षेत्रमा समय व्यतित होला ।
**वृश्चिक** : बोलीमा मिठास र व्यवहारमा नम्रता राख्दा राम्रो ।
**धनु** : नोकरीमा सचेतता अपनाउँदा राम्रो रहला ।
**मकर** : रचनात्मक र सीपमूलक काममा सरिक भइएला ।
**कुम्भ** : ठूलाको बचन शिरोधार्य गर्दा राम्रो रहला ।
**मीन** : हाँके ताकेका कामहरु बन्ने समय छ ।

---

# किन फर्की–फर्की आउँछन् ‘ल्हारक्याल’ हरु ?

**डम्बर खतिवडा**

ल्हारक्याल लामाहरू फर्की–फर्की आउनुको
अर्थ हो हामी तस्कर राज्यमा छौं ।
ल्हारक्याल लामाहरू तस्कर राज्यका
अनिवार्य आवश्यकता र उपज हुन् ।

कतिपयलाई भ्रम थियो कि वर्तमान प्रचण्ड सरकार कतै आफ्नो तेस्रो कार्यकालमा यावत् स्वार्थ, मोह र अहंकारबाट मुक्त भएर, हिजोका ‘आफ्नै पाप’ पखाल्न नै सही नयाँ बुद्धत्व प्राप्त गरेर बेथिति, विसंगति, कुशासन र भ्रष्टाचार विरुद्ध सुशासनका लागि लडिरहेको त छैन ?

तीन ठूला भ्रष्टाचारका घटना- नक्कली भुटानी शरणार्थी, ललितानिवास र एक क्विन्टल सुन तस्करी प्रकरण अनावरण भएसँगै प्रचण्ड सरकारप्रति सकारात्मक सोच र जनअपेक्षा ह्वात्तै बढेको थियो । यद्यपि ती धारणा भित्री सूचनामा पहुँचको अभाव र अज्ञानताबाट निःसृत थिए । तथापि त्यसले माओवादी सुप्रिमो तथा प्रधानमन्त्री पुष्पकमल ‘प्रचण्ड’ को छवि सुधारमा मद्दत गर्दै थिए ।

लुम्बिनी विकास कोषको उपाध्यक्षमा विवादास्पद व्यक्ति ल्हारक्याल लामाको नियुक्तिसँगै सबै एकाएक सपनाबाट ब्युँझे झैं भएका छन् । अनेक काकतालीले सकारात्मक बन्दै गएको प्रचण्ड सरकारको छवि एकाएक धुलिसात भएको छ । ‘तस्कर राज्य’ र ल्हारक्याल लामाहरुबीचको सम्बन्ध पुनश्चः एकपटक सतहमा आएको छ । ठूला गफ पिट्दै र अनेक ‘स्टन्ट’ हान्दै हिंडेका पर्यटन तथा संस्कृतिमन्त्री सुदन किरातीको क्विन्टल सुन प्रकरणदेखि बोली मलिन हुन थालेको थियो । ल्हारक्याल लामा नियुक्ति प्रकरणसम्म आइपुग्दा उनी ‘परेको बेहोर्ने’ मनस्थितिमा देखिएका छन् ।

लुम्बिनी विकास कोषको उपाध्यक्ष आफैंमा त्यति ठूलो त हैन, तर निःसन्देह महत्वपूर्ण र गरिमामय पद हो । यसको राष्ट्रिय मात्र नभएर अन्तर्राष्ट्रिय महत्व समेत हुन्छ । सोही अनुरूप छवि निर्माण गर्नुपर्ने हुन्छ । लुम्बिनी विकास समितिको काम विश्वले ‘एशियाका प्रकाश’ मानेका सिद्धार्थ गौतमको जन्मस्थल वरिपरि विकास संरचनाहरूको प्रशासनिक नेतृत्व गर्नु मात्र हैन, बुद्धत्वको उपादेयता, विश्व शान्तिको सन्देश र बौद्ध दर्शनको औचित्य र सान्दर्भिकताबारे वैश्विकस्तरमा अझ सुदृढ गर्न सक्नु पनि हो ।

बुद्धत्वको छवि सत्य, न्याय र पवित्रताबाट मात्र अभिव्यक्त हुन्छ । त्यस्तो ठाउँमा समेत ‘तस्कर राज्य’ ले विवेक नपुऱ्याएर विवादास्पद ‘पावर ब्रोकर’ र ‘कमिसन एजेन्ट’ लाई ‘सेटिङ’ गर्दछ, नियुक्ति दिन्छ भने प्रष्ट हुन्छ, यो राज्य र यसका सञ्चालकहरू कति भद्दा, विद्रुप, बीभत्स र निर्लज्ज भइसकेका छन् ।

यति कठोर शब्दमा यो नियुक्तिको निन्दा गर्नु कतिपयलाई पूर्वाग्रह लाग्न सक्दछ । तर, यथार्थ त्यति नै कठोर छ भन्ने बिर्सन सकिन्न । कठोर यथार्थहरूको सामना कठोर शब्दले समेत राम्ररी गर्न सक्दैनन् । तसर्थ यो आलेख अझै पर्याप्त रूपमा कठोर हैन ।

भन्न सकिएला, यसको आधार के हो ? प्रमाण के हो ? जे पनि बोल्दिने, जे पनि लेख्दिने ? यथार्थमा नेपालमा ‘पावर-ब्रोकर’ लाई चिन्न कुनै गाह्रो छैन । ती मान्छे जो सबै शक्तिकेन्द्र बीच उत्तिकै चलखेल गर्न सक्दछन्, सबै शक्तिकेन्द्रका उत्तिकै नजिकका र प्रिय पात्र हुने क्षमता र हैसियत राख्दछन्, तिनै हुने हुन् ‘शक्ति-बिचौलिया’ ।

ल्हारक्याल लामाका व्यवहारबाट यो सिद्ध छ । निरंकुश र विवादास्पद भाइराजा ज्ञानेन्द्र शाहको ताजपोशीमा उनी धर्मगुरु बनेर देखापरेका थिए । बौद्ध धर्मदर्शन जस्तो एक पवित्र विचारधारा र सम्प्रदायका एक उच्च धर्मगुरुमा ‘राजनीतिक घुसपैठिया’ स्वयं अनुशासन, नैतिक प्रणाली र नैतिकताको दृष्टिकोणले नै परित्याज्य हुनुपर्ने हो ।

गिरिजाप्रसाद कोइरालाको शासनकालमा उनी नेपाली कांग्रेसको नजिक मात्र थिएनन्, राजकीय नियुक्तिमै थिए । तर, २०६४ को पहिलो संविधानसभा निर्वाचनमा उनी एमालेको समानुपातिक सूचीमा देखिएका मात्र हैनन्, सभासद् नै भए । एमाले राजनीतिमा उनको भूमिका र स्थान आजसम्म कसैलाई थाहा छैन ।

एमाले अध्यक्ष झलनाथ खनालको प्रधानमन्त्रीत्वकालमा अर्थ राज्यमन्त्री भएपछि उनको चर्चा आकाशिएको थियो । अर्थ मन्त्रालयमा सामान्यतः राज्यमन्त्री जरुरी पर्दैन । राख्ने प्रचलन पनि हुँदैन । त्यसमाथि धर्मगुरुको विशेषज्ञता भएका व्यक्तिको

*...बाँकी पृष्ठ ३ मा*

---

# कृषि क्षेत्रको बेवास्ताले अर्थतन्त्र सुधार्न सकिन्न

**भेषराज पोखरेल**

नेपालमा छिटो छिटो फेरिने सरकारहरुले कृषि क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेर योजना बनाइरहे । तर तिनै सरकारले कृषिका योजना कार्यान्वयन नगरेर उपलब्धि भने शून्य बनाउँदै आएका छन् ।

न कुन क्षेत्रमा कुन खेती गर्न सकिन्छ भनेर लागेको देखिन्छ, न ती क्षेत्रका कृषकलाई प्रोत्साहन गरेको देखिन्छ, न कृषकलाई आवश्यक पर्ने मल, बीउजस्ता वस्तु समयमा उपलब्ध गराउन सकेका छन् ।

त्यतिमात्र होइन कृषकलाई दुःख पर्दासमेत तीनै तहका सरकारले बेवास्ता गर्दै आएका छन् । अहिलेको सरकारको अवस्था पनि त्यस्तै छ । केही समययता पशुहरुमा लाग्ने लम्पीस्किनले देशभरका कृषकले पालेका पशुहरु डरलाग्दो गरी पीडित भए ।

सो रोगका कारण ठूलो मात्रामा पशुहरु मरे । सरकारले त्यसको रोकथामका लागि तत्काल दह्रो कदम चालेन । यसबाट कृषकले ठूलो आर्थिक क्षति व्यहोरे । हुन त सरकारले कृषकलाई खेती गर्ने बेलामा रासायनिक मल दिन नसकेको त केही वर्ष भयो । केही सहुलियत देला तर कृषकले किनेर लिने मलको आपूर्ति गर्न नसक्ने सरकारले कृषिको विकास गर्ने कुरा कल्पना जस्तो बन्न गएको छ ।

विशेष खेतीको पहिचान गर्ने, कृषकका समस्या समाधान गर्ने कुरा त परै जावस् कृषकले उत्पादन गरेका वस्तुलाई बजारसम्म पुर्याउने काम पनि गर्न सक्ने अवस्था छैन । यस्तो अवस्थामा नेपाल आत्मनिर्भर बन्न कठिन छ ।

पशुचौपायाहरुको छालामा लाग्ने लम्पी स्किन भन्ने सरुवा रोग देशभर फैलियो । ११ लाखको हाराहारीमा पशु संक्रमित भए । त्यसमध्ये करिब ५१ हजार पशु मरे । मर्नेमा गाई, गोरु, राँगा, भैंसी, बाच्छाबाच्छी, पाडापाडी सराबर रहे । सरकारले पशुधनमा यति ठूलो क्षति पुग्दा गम्भीर रुपमा लिएर नियन्त्रणको कदम चाल्न सकेन । अझ अचम्मको कुरा संसदमा पनि यसमाथि गम्भीर छलफल हुन सकेन । राष्ट्रिय स्वतन्त्र पार्टीले संसदमा दर्ता गराएको विशेष ध्यानाकर्षणको प्रस्तावमा पनि कुनै छलफल भएन । लम्पी स्किनबाट पशुलाई बचाउन खोपको उपलब्धता र पहुँच भएको भए धेरै ठूलो क्षतिलाई कम गर्न सकिन्थ्यो । हुन त पछिल्लो समय पशु सेवा तथा अनुसन्धान केन्द्र बजेटको अभावमा बन्द हुन गएको समाचार सार्वजनिक भयो ।

कृषिमा बजेट धेरै छुट्यायौं भनेर भाषण गर्ने तर जहाँबाट कृषकलाई गुणस्तरीय सेवा दिइँदै आएको छ, जहाँ केही रुपमा भए पनि अनुसन्धान गरिन्छ त्यस्ता संस्थामा सरकारले पर्याप्त बजेट नपठाएर बन्द गर्नुपर्ने अवस्था सिर्जना गर्नु कृषि तथा पशुपंछी मन्त्रालयको असफलता हो ।

कृषि तथा पशुपंछी मन्त्री वेदुराम भुसालले त्यो विषयलाई गम्भीर रुपमा लिनुको साटो कहाँ बन्द भएको रहेछ, बन्द गर्ने कर्मचारीलाई कारबाही गरिने छ भने । यो दुःखद कुरा हो । अघिल्ला दुई सरकारले त कृषिका लागि आवश्यक रासायनिक मल आयात गरेर कृषकलाई आवश्यक समयमा दिन सकेनन् । यो सरकारले भारतबाट जीटूजी माध्यमबाट आयात गरिएको रासायनिक मल गोदाममा प्रशस्त भएको बताएको छ । तर कृषकले अझै पनि चाहिएको मात्रामा मल नपाएको बताइरहेका छन् । कृषि मन्त्रीले कृषकले मल नपाएका समाचार आउँदा मल गोदाममा प्रशस्त रहेको छ तर वितरणमा केही कमी भएको भए हेरिने बताएर मन्त्रालयको कमजोरीलाई ढाक्ने प्रयास गरे । अहिले सिंचाइका ठूला आयोजना सम्पन्न भएका छैनन् भने साना आयोजना पनि व्यापक रुपमा अघि बढाइएको छैन । जसले गर्दा अहिले देशभरको धान रोपाइँ १५ प्रतिशत कम हुने आँकलन गरिएको छ ।

मध्यतराई क्षेत्रमै २५ प्रतिशतसम्म कम्ती रोपाइँ हुने अनुमान गरिएको छ । सरकारले ठूला आयोजनाहरु सिक्टा सिँचाइ, रानी, जमरा, कुलरिया, कमला-मरिन डाइभर्सन, भेरी-बबई जस्ता सिँचाइका आयोजना समयमै सम्पन्न गर्न ध्यान केन्द्रित गर्नु आवश्यक छ । यी योजना सम्पन्न गर्दै गर्दा तराईका सिँचाइविहीन क्षेत्रमा बोरिंग, टुबवेलजस्ता साना सिँचाइका कार्यक्रम बजेटमा मात्रै सीमित नगरी कडाइका साथ कार्यान्वयन गर्नु जरुरी छ । यसो नगरेमा तराईका सिँचाइविहीन क्षेत्रमा मौसमकै भर पर्नुपर्ने निश्चित छ ।

नेपालको अर्थतन्त्रको मुख्य आधार कृषि भए पनि केही वर्षयता ठूलो मात्रामा खाद्यान्न आयात गर्दै आएको छ । चामल मुख्य खाद्यान्न हो नै पछिल्लो समय अन्य स्थानीय खाद्यबाली सर्वसाधारणले खेती गर्न छाड्दै जाने र चामलमा निर्भर बन्दै जाने तथा कृषकहरु कृषिबाट पलायन हुँदै जाँदा यसको आयात बढ्दै गएको छ । पछिल्लो समय भारतले वासमती बाहेकका अन्य सबै खालका सेतो चामलको निर्यात बन्द गर्ने घोषणा गरेको छ । यसको प्रभाव अहिले नै खाद्यान्नमा परेको छ । भएको पुरानै चालको भाउ बढाइएको छ ।

भारतको घोषणापहिले नै आयात गरेको चामल पनि व्यापारीहरुले महँगो मूल्यमा बेचिरहेका छन् । सरकारले मूल्य नियन्त्रण गर्न भन्दै १० लाख टन धान र १ लाख टन चामल आयात गर्ने बताएको छ । वाणिज्य विभागले खाद्यान्नमा ४ देखि १३ प्रतिशतसम्म मूल्यवृद्धि भएको जनाएको छ । बर्सेनि नेपालमा लगभग आधा खर्बको धान, चामल र धानको बीउ आयात हुँदै आएको छ । कृषिलाई जति महत्व दिएको भनिए पनि धानको उत्पादन बढाउन मल, बीउ, कृषि उपकरण तथा सिँचाइको व्यवस्था हुन नसक्दा देशले धानको उत्पादन बढाउन सकेको छैन । जसले गर्दा बर्सेनि धान, चामलको आयात कम हुनुको साटो बढ्दै गएको तथ्यांकले देखाइरहेका छन् । नेपालले धान खेती मात्रै व्यवस्थापन गर्न नसकेको होइन नगदे बालीका रुपमा लिइने उखुको खेती बढाउन सकेको छैन ।

उखु कृषकका समस्यामा सरकारले ध्यान नदिँदा कृषकहरुले खेती गर्नै छाड्न थालेका छन् । जबकि बर्सेनि ठूलो मात्रामा चिनी आयात हुँदै आएको छ । अत्यन्तै सम्भावना भएको चिया खेतीको पनि व्यवस्थापनमा सरकार चुकेको छ । न साना किसानलाई चिया खेतीमा प्रोत्साहन गर्न सकेको छ न यसको बजार खोज्न सकेको छ । समय समयमा हुने भारतीय अवरोधका कारण चिया उद्योगी मारमा परिरहने अवस्था छ । अन्य फलफूल तथा कृषि उपजको अवस्था पनि त्यस्तै छ । सरकारले आफूले बनाएका योजनाहरु लागू मात्रै गरे पनि कृषिमा सुधार हुन समय लाग्ने थिएन ।

पशुमा लागेको लम्पी स्किनको अवस्था, मल आपूर्तिको अवस्था तथा अन्य कृषि उपजको अवस्थाले सरकारको भूमिका कमजोर देखाउँछ । सरकारले कृषि ज्ञान केन्द्रदेखि अन्य प्राविधिकहरुलाई सक्रिय बनाएर कृषकलाई सहयोग गर्न सक्नुपर्छ । अहिले नागरिकको खेतीतिरको आकर्षण घटिरहेका बेला सरकारले कृषकका दुःख नदेख्ने हो भने यसबाट अझ ठूलो पलायन हुने निश्चित छ । (स्रोतः हाम्रा कुरा)

# पेशागत संस्थाहरु र शिक्षक महासंघसँग छलफल गर्नेछ भन्ने आशा राखेका छौं

२०२८ सालमा जारी भएको शिक्षा ऐनलाई प्रतिस्थापन गर्ने गरी संघीय सरकारले विद्यालय शिक्षा विधेयक २०८० संसदमा दर्ता गरेको छ । ५२ वर्षपछि नयाँ ऐन आउने आशामा सरोकारवाला निकायका अधिकारी उत्साहित देखिन्छ । तर, विधेयकमा गरिएका व्यवस्थाप्रति तीव्र आलोचना र संशोधनको माग भइरहेको छ । सरोकारवालासँग आवश्यक समन्वय, परामर्श र छलफल नै नगरी, सरोकारवालासँग भएका सहमतिलाई समेत बेवास्ता गरी विधेयकको मस्यौदा संसदमा पेश भएको भन्दै आलोचना भइरहेको छ । विधेयकमा प्रसस्त संशोधन गर्नुपर्ने विषयमा सरोकारवालाले सरकारलाई झक्झकाउने, सांसदलाई सच्याउनुपर्ने बुँदाका बारेमा जानकारी गराउने प्रयास भइरहेको छ । यसै सन्दर्भमा नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका अध्यक्ष एवम् हेटौंडा-४, कर्रास्थित श्रमिक माविका प्रधानाध्यापक श्रीराम दाहालसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानी:

**श्रीराम दाहाल**
**अध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुर**
**प्रधानाध्यापक, श्रमिक मावि, हेटौंडा-४**

*समाजः सरकारले मन्त्रीपरिषद्बाट संसदमा छलफलका लागि पेश गरेको विद्यालय शिक्षा विधेयक, २०८० को नकारात्मक टिकाटिप्पणी र आलोचना भइरहेको छ । किन यत्ति धेरै टिकाटिप्पणी र आलोचना भइरहेको हो ?*
**दहाल**: वि.सं. २०२८ सालमा बनेको शिक्षा ऐनको संशोधन हुनु वा नयाँ शिक्षा ऐन आउनु आफैंमा एक सकारात्मक पाटो हो । यद्यपि मन्त्रीपरिषद्बाट संसदमा पेश गर्नका लागि स्वीकृत भएको विधेयकको ड्राफ्ट हेर्दै गर्दा हामीले त्यहाँभित्र अग्रगामी भन्दा पनि पश्चगामी खालको कुराहरु थुप्रै देखिरहेका छौं । त्यहाँभित्र शिक्षकका पेशागत संस्थाहरुसँग गरिएको ५१ बुँदे सहमतिहरुलाई कार्यान्वयन गरिएको देखिँदैन । विद्यालयमा थोरै तलबमा कार्यरत ई.सि.डी शिक्षकहरु, विद्यालय कर्मचारीहरु, प्लस टुका शिक्षकहरु, राहतका शिक्षकहरुको कसरी उचित व्यवस्थापन गर्ने, कसरी स्थायित्व गर्ने भन्ने कुराहरु बोलेको देखिँदैन । आधारभूत तहसम्मको अनिवार्य निशुल्क र माध्यमिक तहको निशुल्क शिक्षालाई कार्यान्वयनका लागि पनि यो ऐनले ठोस आधारहरु प्रदान गरेको छैन । स्थानीय तहलाई अधिकार दिइएको कुरा अझै विचाराधीन देखिन्छ ।

*समाजः सरकारले यो विधेयक संसदमा पेश गरिरहँदा सरोकारवाला शिक्षक संगठनहरु, शिक्षकहरु तथा विज्ञहरुसँग परामर्श गरेको देखिन्छ कि देखिँदैन ?*
**दहाल**: शिक्षक महासंघको राष्ट्रिय अध्यक्षकाअनुसार यो विधेयक संसदमा छलफलका लागि पेश भइरहँदासम्म शिक्षकको पेशागत संस्थाहरु, शिक्षक महासंघसँग छलफल भएको छैन । सम्बन्धित पक्षसँग छलफल नै नगरी सरकारले एकलौटी रुपमा संसदमा पुर्‍याउनु भनेको सम्बन्धित पक्षको माग र मुद्दा सम्बोधन भएको छैन भन्ने बुझिन्छ । त्यसकारण सम्बन्धित पक्षसँग छलफल र अन्तरक्रिया गरेर विगतमा भएका ५१ बुँदे सहमति कार्यान्वयन गर्दै लानुपर्छ भन्ने हाम्रो माग हो ।

*समाजः ५१ बुँदे सहमतिमा मूलतः के-के कुराहरु छन् ?*
**दहाल**: यो सहमतिभित्र ई.सी.डी शिक्षकलाई दरबन्दी सिर्जना गर्ने र कम्तीमा आधारभूत तहको शिक्षकसरह सेवासुविधा दिने, विद्यालयमा एक जना लेखापाल र एकजना सहयोगी कर्मचारीको व्यवस्थापन गर्ने, र लेखापाललाई सुब्बासरह र कार्यालय सहयोगीलाई चौथो तहसरह तलब र सेवासुविधा दिने, प्लस टुका शिक्षकलाई आन्तरिक प्रतिस्पर्धा गराई स्थायी गर्ने र राहत शिक्षकलाई आन्तरिक दरबन्दीमार्फत आन्तरिक प्रतिस्पर्धा गराई स्थायी गर्ने लगायतका कुराहरु रहेका छन् ।

*समाजः जिल्ला शिक्षा कार्यालय ब्युँताउने भन्ने कुराले चाँहि संघीयताको मर्म अनुसार भएन भनेर आलोचना भइरहेको छ, यो कत्तिको सम्भव देख्नुहुन्छ ?*
**दहाल**: जिल्ला शिक्षा कार्यालय भनेर नामाकरण मात्र गरेको छ । अधिकार सम्पन्न भने गरिएको छैन । अहिलेको विधेयकले पनि जिल्ला शिक्षा कार्यालयको अधिकारलाई कटौती गरेको देखिन्छ । शिक्षकको नियुक्ति, सरुवा लगायतको काम अहिलेपनि शिक्षा विकास तथा समन्वय इकाईले गर्दछ । नामले मात्र शिक्षा विकास तथा समन्वय इकाईलाई जिल्ला शिक्षा कार्यालय बनाएको देखिन्छ तर अधिकारको हिसाबले इकाईले गर्ने काम पनि जिल्ला शिक्षा कार्यालयलाई दिएको देखिँदैन । शिक्षक नियुक्ति, शिक्षक सरुवा र अवकाश जस्ता कामहरु जिल्ला शिक्षा कार्यालयमार्फत गर्दा सान्दर्भिक हुन्छ ।

*समाजः यो विधेयकको सकारात्मक पक्षहरु के के पाउनुभयो ?*
**दहाल**: २०२८ सालपछि शिक्षा ऐन नआएको सन्दर्भमा, नयाँ शिक्षा ऐन आउनु नै सकारात्मक पक्ष हो । राहत शिक्षकलाई सामान्य दरबन्दीमा रुपान्तरण गर्ने, ११ र १२ मा पढाइरहनुभएका शिक्षकहरुलाई आन्तरिक प्रतिस्पर्धामा लाने, विद्यालय कर्मचारीको पद सिर्जना गर्ने भन्ने कुराहरु यो विधेयकको सकारात्मक पक्षको रुपमा लिन सकिन्छ । संघीय शिक्षा ऐन नभएको कारणले प्रदेश र स्थानीय शिक्षा ऐन बन्न सकेको थिएन, यो ऐन बन्यो भने त्यो बाटो पनि खुल्ने हिसाबले यो सकारात्मक छ ।

*समाजः संसदमा छलफलपछि विमति रहेका कुराहरु र तपाईहरुको जायज कुराहरुलाई समावेश गरी संशोधन हुने कुरामा कत्तिको विश्वस्त हुनुहुन्छ ?*
**दहाल**: हामी सरकारकै कर्मचारी भएकाले र यो ऐन पनि हाम्रै लागि बनेको हुनाले सरकारले संसदबाट यो ऐन पास गर्नुअघि शिक्षकको पेशागत संस्थाहरु र शिक्षक महासंघसँग छलफल गर्नेछ भन्ने आशा राखेका छौं । यो विधेयकमाथि संसदमा छलफल भइरहँदा हाम्रो माग र मुद्दा सम्बोधन भएन भने नेपालको ७७ वटै जिल्लाको पेशागत संस्थाहरु र शिक्षकहरु आन्दोलनमा उत्रिने स्थिति बन्छ । र आन्दोलनको नेतृत्व गर्न पेशागत संस्थाहरु र शिक्षक महासंघ पनि तयारी अवस्थामा छन् ।

# शनिबार रकब्यान्ड कन्सर्ट हुने

ROCK FOR VISIBILITY
LIVE CONCERT
12 AUGUST 2023

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ मा रहेको एभोकाडो होटलमा आउँदो शनिबार रकब्यान्ड कन्सर्ट हुने भएको छ। मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै अनविज्ञ ब्याण्डको आयोजनामा हुन गइरहेको रकब्यायाण्ड कन्सर्ट कार्यक्रमको बारेमा जानकारी गराइयो।

रकब्यान्ड कार्यक्रममा ब्लाइन्ड रक प्रस्तुति, फ्रिडम नेवारी समुदायको प्रस्तुति साथै आयोजक अनविज्ञ ब्यान्डको सामेत रक ब्यान्ड प्रस्तुति हुनेछ । यो वर्षमा २ देखि ३ महिनाको हाराहारीमा नेपालभर अनविज्ञ ब्याण्ड रकको प्रस्तुति गर्ने उद्देश्य रहेको जानकारी गराइयो।

अनविज्ञय ब्याण्डको माध्यमबाट आर्टस एकेडेमी हेटौंडामा संचालन गर्नका लागि, दृष्टिबिहीन, अपाङ्ग, अशक्त भएका व्यक्तिहरुलाई म्युजिकको माध्यमबाट उत्साह दिने र उनीहरुको रुचि क्षमता बढाउने उद्देश्ले यो ब्यान्डको प्रस्तुती गर्न लगेको हो ।

कार्यक्रममा करिब १० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। रकब्यान्ड कार्यक्रममा जान ५ सय रुपैयाँ बराबरको टिकट लाग्नेछ भने विद्यार्थीहरुलाई ३ सय रुपैयामात्र लाग्नेछ ।

# तामाङ प्रसारण दिवस मनाइने

समाज संवाददाता

हेटौंडाः मंगलबार तामाङ पत्रकार संघ मकवानपुर कार्यसमितिको बैठकले आउँदो भदौ १ गते २९ औं तामाङ प्रसारण दिवस मनाउने निर्णय गरेको छ । संघका अध्यक्ष जयराम मोक्तानको अध्यक्षतामा बसेको बैठकले शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रमको आयोजना गर्दै मकवानपुर जिल्लाले दिवस मनाउने निर्णय गरिएको हो ।

यस्तै तामाङ पत्रकार संघ केन्द्रीय समितिको सर्कुलर अनुसार जिल्लाभर उक्त दिवस मनाउने निर्णय गरिएको हो। केन्द्रको निर्देशनअनुसार तामाङ मिडिया अवार्ड-२०८० को लागिको छनौटका लागि सक्रिय एक जना पुरुष र एक जना महिला पत्रकारको नाम सिफारिस गरिएको छ । मकवानपुर जिल्लाबाट ताम्सालिङ खबर डटकमका संचालक दील बहादुर लामा र समृद्ध समाज राष्ट्रिय दैनिकी संवाददाता जमुना थिङको नाम सिफारिस गरिएको छ । यसैगरी मकवानपुरको विभिन्न मिडियामा आबद्ध तामाङ पत्रकारहरुको नामावली संकलन गरी केन्द्रमा पठाउने निर्णय गरिएको छ ।

# किन फर्की-फर्की...

अर्थशास्त्र र अर्थ मन्त्रालयसँग के विज्ञता हुन्छ ? एमाले पंक्तिभित्रै व्यापक चर्चा थियो त्यतिखेर कि एमालेको एक जोडी नेता मार्फत अवाञ्छित प्रयत्न र पहुँच बनाएर ल्हारक्यालले त्यो पद हासिल गरेका थिए। व्यापक सार्वजनिक विरोध र दबाबको कारणले उनी त्यो पदमा लामो समय बस्न भने पाएनन्। छोटो अवधिमै राजीनामा गर्नु पर्‍यो ।

दोस्रो संविधानसभा निर्वाचनमा उनी माओवादी केन्द्रबाट समानुपातिक सभासद् भए। त्यहीबेला उनको बैंक लकरमा गोली भेटिएको थियो। बैंक, हातहतियार, धर्मगुरु र सभासद्बीचको चतुष्कोण सजिलै बुझिने नभए पनि अनुमान नै गर्न नसकिने रहस्य भने हैन । ल्हारक्याल लामामाथि अकुत सम्पत्ति र वैदेशिक रोजगारीमा ठगी जस्ता अतिरिक्त आरोप पनि थिए। तिब्बती शरणार्थी प्रकरण, भारत-चीन-नेपाल सम्बन्धका दृष्टिकोणले पनि 'लामाका नेक्सस' हरू सन्तोषजनक हैनन्।

यो भिन्नै कुरा हो कि लामामाथिका कुनै पनि आरोप राज्यले पुष्टि गरेन । दण्ड-सजाय गरेन । त्यसको अर्थ-उनीमाथिका यी यावत् श्रृंखलाबद्ध आरोपको कुनै अर्थ नै छैन भन्ने हैन।

मानौं कि यी सबै प्रकरणमा लामा सम्पूर्णतः निर्दोष छन्, तर पनि एक लोकतान्त्रिक राज्यले त्यति गरिमामय र अन्तर्राष्ट्रिय ध्यानाकर्षित हुने स्थान र पदमा विवादास्पद व्यक्ति नियुक्त गर्दैन। कुनै व्यक्तिको पदीय महत्वाकांक्षाका लागि राज्य र संस्थाको अन्तर्राष्ट्रिय छविलाई हानि पुग्ने खालका नियुक्ति गर्नु उचित हैन ।

मान्छेलाई लागेको थियो कि ल्हारक्याल गए अब। तर, उनी त फर्की-फर्की आए। फर्की-फर्की पनि यसरी आए कि उनको चर्चा र नियुक्तिले नै लोकतन्त्र डराउनुपर्ने भयो। हाम्रो लोकतन्त्र कता जाँदैछ भन्ने मानक बन्न पुग्यो यो घटना ।

धेरै वर्ष भयो नेपाललाई विश्लेषकहरुले 'तस्कर राज्य' भन्न थालेको। अलोकतान्त्रिक राज्य, सेटिङ राज्य हुँदै हाम्रो राज्य तस्कर राज्यमा बदलिएको धेरै भइसक्यो। तस्कर राज्यका सञ्चालकहरुलाई पद किन्न सक्ने मान्छे चाहिन्छ। 'सेटिङ राज्य' मा नजिकका, बफादार, अन्धभक्त गुट वा नाताका मान्छे खोजिन्छन्। तर, राज्यका नियुक्ति र पदहरु ठाडै बेचिंदैन। आफूलाई साह्रो-गाह्रो पर्दा विधिविधान, नियम-कानुन र स्थापित मापदण्ड मिचेर काम गर्नेहरु खोजी र नियुक्ति गर्नु सेटिङ राज्यको मुख्य चरित्र हो ।

'तस्कर राज्य' भनेको 'सेटिङ राज्य' भन्दा पनि अझै गिरेको, विकृत र भ्रष्ट राज्य हो। तस्कर राज्यमा राज्यका सबैजसो पद, नियुक्ति, सरुवा र बढुवा किनबेच हुन्छन्। तिनैले पद प्राप्त गर्दछन्, जसले नियुक्त हुनेहरूलाई ठूलो रकम दिने क्षमता र रुचि राख्दछन् । तस्कर राज्य कथित शक्तिशाली भनिएका राजनीतिज्ञ, प्रशासक र उच्च तहका व्यापारी बीचको एक यस्तो त्रिकोणात्मक सिन्डिकेट हो, जहाँ हरेक निर्णय र नियुक्तिको एक प्रमुख आधार परस्पर स्वार्थहरुको लेनदेन हुन्छ। स्वच्छ प्रतिस्पर्धा, विशेषज्ञता, शुद्धता, योग्यतातन्त्र, राज्य र संस्थाको आवश्यकता र कार्य-सम्पादन क्षमता हैन ।

ल्हारक्याल एक दृष्टान्त मात्र हुन्। त्यो पनि सानो र सामान्य । तस्कर राज्यले आफ्नो लोभ र स्वार्थको प्रवाह थाम्न नसकेर गरेको एक निर्णय हो यो। हिन्दी सिनेमामा देखाइने भ्रष्ट प्रहरीले अरू केही पाएन भने एक खिल्ली बिंडी वा खैनी भए पनि घुस खान्छ। तस्कर राज्यको चरित्र पनि ठीक त्यस्तै हुन्छ।

वर्तमान सरकार गठन भएयता अनावृत भएका तीनवटै ठूला भ्रष्टाचार र तस्करी काण्डमा सरकार सञ्चालकहरूको व्यवहार संदिग्ध थियो र अझै छ। आन्तरिक सूचनाहरुले भन्छन् कि प्रधानमन्त्री प्रचण्ड र कांग्रेस सभापति शेरबहादुर देउवाले बालकृष्ण खाँणलाई बचाउन अन्तिमसम्म प्रयत्न गरेका थिए । सीआईबीका प्रहरी अधिकृतहरुले नमानेपछि उनीहरु बाध्य भएका थिए । एमाले अध्यक्ष केपी शर्मा ओलीले यस घटनाबारे कहिल्यै सन्तुलित प्रतिक्रिया र धारणा दिएनन्। सधैं अनेक तर्क छाँट्ने र तर्किने काम मात्रै गरे ।

नक्कली शरणार्थी प्रकरणमा स्वयं आरोपीहरूले बयानको क्रममा पोलेका कैयौंलाई अहिलेसम्म छानबिनको दायरामा ल्याइएको छैन । त्यस्ता मान्छे कांग्रेस, एमाले र माओवादी तीन वटै पार्टीका समर्थक वा हैसियतवालाहरु छन्।

ललितानिवास प्रकरणमा पनि ठीक त्यस्तै भएको छ । एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा गठन भएको छानबिन समितिले कुनै निश्चित विन्दुभन्दा माथि उन्मुक्ति दिने अवधारणाबाट काम गरेको थियो भन्ने अहिले घामजत्तिकै छर्लङ्ग भएको छ। आठ आना जग्गा फिर्ता गरेका एमाले नेता विष्णु पौडेललाई नाटकीय ढंगले जोगाएर ओलीले यो प्रकरणको छानबिनलाई गिजोलिदिएका थिए ।

प्रधानमन्त्री तथा पूर्वप्रधानमन्त्रीहरुमाथि भ्रष्टाचारको मुद्दामा छानबिन हुन सक्दछ कि सक्दैन भन्ने बेतुकको बहस सृजना गरेर कानुनी राज्यको धज्जी उडाइएको थियो । कानुनी राज्यमा सबै बराबर हो, संविधान र कानुनभन्दा माथि कोही हुँदैन भन्ने सामान्य सिद्धान्तलाई समेत निरर्थक विवादमा तानिएको थियो। सर्वोच्च अदालतको नयाँ निर्णयपछि ललितानिवास प्रकरणको छानबिन नयाँ शिराबाट होला भन्ने अपेक्षा गर्न सकिएला तर भर पर्न सकिन्न ।

नक्कली भुटानी शरणार्थी र ललिता निवास प्रकरणमा जस्तै एक क्विन्टल सुन प्रकरणको छानबिन पनि विश्वसनीय, तटस्थ र निष्पक्ष छैन। यो कुनै एक खेप भएको तस्करी हुँदै हैन, हुनै सक्दैन । देशको अन्तर्राष्ट्रिय विमानस्थल जस्तो संवेदनशील ठाउँबाट उच्चस्तरको सेटिङ र भरोसा विना सामान्य सुन तस्करहरूले यति ठूलो आँट गर्लान् भनेर कसैले पत्याउँछ भने पत्याउने मूर्ख हो, तर यो असम्भव कुरा हो ।

तस्करीको प्रकृतिले भन्छ कि त्यहाँबाट दिगो सेटिङमा नियमित तस्करी हुन्थ्यो । त्यसमध्येको कुनै एक खेप मात्र काकतालीले वा सेटिङमा कुनै गडबडी भएर पक्राउ परेको हो । यहाँनेर ध्यान दिन योग्य कुरा विमानस्थलको सबै प्रक्रियाबाट सुन छिरेको छ, बाहिर सिनामंगलको सडकबाट राजस्व अनुसन्धानले पक्राउ गरेको छ भने भन्सार र गृह प्रशासनले के हेरेर बसेका थिए भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ ।

विमानस्थल सुरक्षा अधिकारी गृहमन्त्री र भन्सार अधिकारी अर्थमन्त्रीसँग चिनजान र चेन एण्ड कमान्डमा नभएका सामान्य कर्मचारी मात्र थिए भनेर कसैले पत्याउँछ भने यो पनि पत्याउने नै मूर्ख हो ।

ल्हारक्याल लामाहरु यसर्थ फर्की-फर्की आउनुको अर्थ हो हामी तस्कर राज्यमा छौं। ल्हारक्याल लामाहरु तस्कर राज्यका अनिवार्य आवश्यकता र उपज हुन्। कसैले यो विश्वास गर्दछ कि यस्तो समग्र पतन प्रक्रिया कथित शीर्ष नेताहरूको सूचना, पहुँच र संलग्नता बाहिरका घटना हुन्, त्यस्तो विश्वास महामूर्खता हो ।

*(स्रोतः अनलाईनखबर)*

**श्री नवज्योती माध्यमिक विद्यालय**
**हेटौंडा उपमहानगरपालिका-७, कमाने**

**शिक्षक आवश्यकता**

*सूचना प्रकाशित मितिः २०८०/०४/२४ गते*

**प्रस्तत बिषयमा शिक्षा बिकास तथा समन्वय इकाई मकवानपुर हेटौंडाको मिति २०८०।३।२२ च.नं. १७३४/०७९/०८० को पत्र अनुसार नि.मा.वि राहत अनुदान कोटा नेपाली विषय शिक्षक करार सेवामा नियुक्ति गर्नु पर्ने भएकोले शिक्षक सेवा आयोगबाट प्रकाशित सुचिमा करारका लागि सुचिकृत उमेदवारहरुको तोकिएको समय अवधिमा आवेदन नपरेमा तपसिलको योग्यता पुराका १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेका उमेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिक्षा नियमावलि २०५९ अनुसार रितपुर्वक दरखास्त आव्हान गरिन्छ ।**

पदः शिक्षक
बिषयः नेपाली
संख्याः १
तलब स्केलः नेपाल सरकारले तोके बमोजिम
तहः नि. मा.बि.राहत
परिक्षा दस्तुरः रु १,५००।-
न्युनतम शैक्षिक योग्यताः मूल विषय नेपाली लिई आइ एड वा सो सरह उत्तिर्ण
परीक्षाको किसिमः लिखित तथा अन्तरवार्ता
दरखास्त दिने अन्तिम मितिः २०८०/५/५
सम्पर्क मितिः २०८०/०५/०६
परिक्षा मितिः सम्पर्क मितिमा जानकारी गराइने छ ।
(करार सुचीका लागि नियम अनुसार हुनेछ साथै माथिल्लो योग्यतालाई विशेष ग्राहयता दिईनेछ ।)
अवाश्यक कागजातहरुः
-(२/२ प्रति नोटरीबाट प्रमाणित गरेको)
-शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
-अध्यापन अनुमती पत्रको प्रतिलिपी
-नेपाली नागरिकताको प्रतिलिपी
-हस्तलिखित निवेदन १ प्रती
दर्खास्त दिने स्थानः श्री नवज्योति मा.वि नागस्वती, हेटौडा-७
सम्पर्क नंः ०५७-५३०३८९, ९८५५०६९५११

**प्रधानाध्यापक**

**स्वादिष्ट नेवारी खाजा**

होटल बासुकला
FAST FOOD
Hotel Basukala Fast Food
बासुकला
FAST FOOD
NON-VEG RESTAURANT

अब
होटल बासुकला (फास्टफुड) मा

○ स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
○ नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

# पारोलाई हराउँदै मछिन्द्र दोस्रो चरणमा

काठमाडौंः मछिन्द्र फुटबल क्लब एएफसी कप छनोट अन्तर्गत प्लेअफको दोस्रो चरणमा प्रवेश गरेको छ । घरेलु मैदानमा भुटानको पारो एफसीलाई ३-२ ले हराउँदै मछिन्द्रले पहिलो पटक दोस्रो चरणको यात्रा तय गरेको हो । मछिन्द्रका लागि विमल घर्ती मगर, आयुष घलान र ओलावाले आफिजले १-१ गोल गरे । यसअघिको संस्करणमा श्रीलंकाको ब्लु स्टारसँग पराजित भएको मछिन्द्रले यसपटक भने जित दर्ता ग¥यो ।

मछिन्द्रले अब प्लेअफको दोस्रो चरणमा भारतीय क्लब मोहन बगान सुपर जायन्टको सामना गर्नेछ । खेल साउन ३१ गते बुधबार कोलकातास्थित साल्ट लेक रंगशालामा हुनेछ । यो खेलको विजेताले समूह चरणमा स्थान बनाउन बंगलादेशको अवाहानी ढाका र माल्दिभ्सको क्लब इगल्सको विजेतासँग खेल्नेछ ।

दशरथ रंगशालामा खेलको छैटौं मिनेटमा पारोले अग्रता लियो । पेनाल्टी क्षेत्रको बायाँ भागबाट यशी दोर्जीले दिएको पासमा काजुओको प्रहार गोल भएको थियो । जापानी फरवार्डको प्रहार गोलरक्षक विशाल श्रेष्ठले बचाउने प्रयास गरेपनि उनको हातमा लाग्दै पोस्टभित्र छिर्‍यो । तर मछिन्द्रले पाँच मिनेट नबित्दै खेल बराबरीमा ल्यायो । १२ औं मिनेटमा सर्ट कर्नरपछि आयुषको क्रमलाई विमलले हेडरमार्फत गोलमा परिणत गरे । लगत्तै १५ औं मिनेटमा विमल र आयुषको सहकार्यमा मछिन्द्रले अग्रता लियो । विमलले पेनाल्टी क्षेत्र भित्रबाट मिलाएको पासमा आयुषले पहिलो टचमा सुन्दर गोल गरे ।

३९ औं मिनेटमा मछिन्द्रका लागि ओलावाले आफिजले गोल थपे । मिडफिल्डमा ओमोलाजा करीमले बल जितेपछि सुरु भएको काउन्टर अट्याकमा मछिन्द्रले सुन्दर मुभ सिर्जना गरेको थियो । करीमले अन्तिममा दायाँ विंगबाट दिएको क्रसमा आफिजले हेडरमा गोल गरे । ५८ औं मिनेटमा गोलरक्षक विशालले यसी दोर्जीको प्रहार बचाउँदै मछिन्द्रको २ गोलको अग्रता कायम राखे । ७१ औं मिनेटमा एभान्स असान्तेले गोल गर्दै पारोलाई खेलमा फर्काउने संकेत दिए ।

७९ औं मिनेटमा करीमको फ्रिकिकले पोस्टको दिशा लिन सकेन । लगत्तै अर्कोतर्फ पारोको डरलाग्दो आक्रमण क्रसबार नजिकबाट आकाशियो । ९० औं मिनेटमा कप्तान विशालले विश्वस्तरीय बचाउ गर्दै मछिन्द्रको जित पक्का गरे । असान्टेको क्रसमा काजुओको ६ यार्ड बक्स भित्रको प्रहारलाई उनले आफ्नो दायाँतर्फ डाइभ दिँदै विफल पारे । इन्ज्युरी समयमा विमलले खाली पोस्टमा बललाई पोस्टको दिशा दिन नसक्दा खेल ३-२ मा सकिएको थियो । स्रोतः हाम्रो खेलकुद ।

# ३५ जनाद्वारा रक्तदान

२०८० श्रावण २३

समाज संवाददाता

हेटौंडाः नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी संगठन जिल्ला कमिटी मकवानपुरको आयोजनामा रक्तदान कार्यक्रम भएको छ । मंगलबार भएको रक्तदान कार्यक्रममा ३५ जनाले रक्तदान गरेका छन् ।

५ जना महिला र ३० जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्रविधिक किशोर सापकोटाले जानकारी दिनुभयो । संगठनको कार्यालय उद्घाटनको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको उहाँले बताउनुभयो । संगठनका अध्यक्ष शिवबहादुर थापाको सभाध्यक्षतामा कार्यक्रम भएको थियो ।

# बागमतीमा ६ घर डुबानमा

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको बागमती गाउँपालिका–४, पाँच पाण्डवमा ६ घर डुबानमा परेको छ । मंगलबार परेको अविरल वर्षाको कारण बागमती खोलामा पानीको सतह बढेर बस्ती प्रवेश गर्दा घर डुबानमा परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभयो ।

डुबानमा परेका घरबाट मानिस र सामान भने अन्यत्र सुरक्षित स्थानमा सारिएको बताइएको छ । यस्तै, जिल्लाकै बागमती गाउँपालिका–४, पाँचपाण्डवस्थित धरान–चतरा सडकखण्ड बागमती खोलाले कटान गरी बाटो एकतर्फी मात्र सुचारु रहेको छ ।

ठूला गाडीहरुको आवागमनमा जोखिम युक्त रहेको जानकारी दिनुभयो । अहिले उक्त स्थानमा जिल्ला प्रहरी कार्यालयका प्रहरी सहायक निरीक्षक राधाकृष्ण कार्कीको कमाण्डमा टोली खटिएको छ ।

## सादर आमन्त्रण

मेरो कान्छो छोरा प्रदिपमान सांगामीको श्रीमती स्व. सरिना सांगामीको मिति २०८० श्रावण १३ गते भएको असामयीक स्वर्गारोहणमा सागरमा पाल्नुहुने, हामीप्रति समवेदना प्रकट गर्नुहुने सम्पूर्णमा तपशिलको मिति, समय र स्थानमा १३ औं दिनको पितृप्रसाद ग्रहणका लागि सादर आमन्त्रण गर्दछौं ।

**कार्यक्रमः**

मिति : २०८० श्रावण २५ गते
स्थान : हेटौंडा-४, स्कुलरोड
(मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि. को भवन पछाडि)
समय : दिनको २:०० बजे

प्रार्थी
केशवमान सांगामी
एवम्
समस्त सांगामी परिवार
९८४५०२७६४२, ९८४५०५७३३३
९८४५०४६७५९

# शिक्षा विधेयकमा प्याव्सनको विरोध

समाज संवाददाता

हेटौंडाः निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याव्सन) मकवानपुरले संघीय संसदमा पेश भएको विद्यालय शिक्षा विधेयक २०८० को विरोध गरेको छ । प्याव्सन मकवानपुरले विधेयकको विरोध गर्दै आज बुधबार प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउने भएको छ ।

संघीय सरकारले संसदमा दर्ता गरेको विद्यालय शिक्षा विधेयकमा ५ वर्षभित्र निजी विद्यालय गैरनाफामुलक निजी वा सार्वजनिक गुठीमा रुपान्तरण गर्नुपर्ने व्यवस्थाको विरोधमा ज्ञापनपत्र बुझाउन लागिएको प्याव्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले जानकारी दिनुभएको छ । विधेयकमा ५ वर्षभित्र विद्यालयले सबै दायित्व भुक्तानी गरेर रुपान्तरण हुनुपर्ने व्यवस्था अझ चुनौतिपूर्ण रहेको प्याव्सन मकवानपुरका अध्यक्ष सुवेदीको भनाइ छ । विधेयककै विरोधमा प्याव्सन, एनप्याव्सन र हिसानले संयुक्तरुपमा आन्दोलनको घोषणा गरेका छन् ।

# स्ववियुद्वारा निःशुल्क तयारी कक्षा

समाज संवाददाता

हेटौंडाः स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) हेटौंडा क्याम्पसको आयोजनामा गत आइतबारदेखि निम्नमाध्यमिक अध्यापन अनुमतिपत्र र बैंकिङ तयारी कक्षा सुरु गरेको छ । हेटौंडा–४ स्थित हेटौंडा क्याम्पसको सभाहलमा बिहान १०:३० बजेदेखि क्याम्पसका विपन्न वर्गलाई लक्षित गरि तयारी कक्षा सुरु गरिएको छ ।

विद्यार्थीको सहजतालाई मध्यनजर गर्दै उक्त तयारी कक्षा आयोजना गरिएको स्वतन्त्र विद्यार्थी युनियन हेटौंडा क्याम्पस अध्यक्ष अभि मैनालीले जानकारी दिनुभयो । यस्तै इन्स्टिच्युटमा धेरै पैसा खर्च गरेर पढ्नुपर्ने बाध्यता र देशमा पनि रोजगारको लागि अवसर रहेको कुरालाई मध्यनजर गर्दै तयारी कक्षा आयोजना गरिएको उहाँको भनाइ छ ।

अहिले निम्नमाध्यमिक अध्यापन तयारी कक्षामा ५० जना र बैंकिङ तयारी कक्षामा ५० जना गरी १०० जनाले उक्त तयारी कक्षा लिइरहेको अध्यक्ष मैनालीले जानकारी दिनुभयो ।

# आँखा पाक्ने रोगले लियो महामारी

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडामा आँखा पाक्ने रोगले महामारीको रुप लिएको छ । मंगलबार हेटौंडा सामुदायिक आँखा अस्पतालमा आँखा रातो भएर जँचाउन आउने बिरामीको संख्या उच्च रहेको छ ।

आँखा रातो भएर आउने बिरामी सयौंको संख्यामा छन् । जसमा बिमाका बिरामी धेरै रहेका छन् ।

४ सय आँखाका बिमा बिरामीलाई टिकट दिँदा १ सय जना मात्र बिमा बाहेकका बिरामीलाई टिकट हस्पिटलले दिएको छ ।

# यु–१६ मा मकवानपुर ३ किशोर

समाज संवाददाता

हेटौंडाः अखिल नेपाल फुटबल संघ (एन्फा) ले १६ वर्ष उमेर समूहमा राष्ट्रिय टिमको ४० सदस्यीय प्रारम्भिक टोली घोषणा गरेको छ । जिल्ला, प्रदेश हुँदै राष्ट्रियस्तरको छनोट प्रतियोगिता गर्दै मंगलबार एन्फाले ४० सदस्यीय प्रारम्भिक टोली चयन गरेको हो । यसअघि जिल्ला तहबाट खुलारुपमा छनोटमा सहभागी १२ जनामध्ये कोही पनि नछानिए पनि अहिले क्लबमा आवद्ध रही क्लबको प्रतिनिधित्व गर्दै मकवानपुरका ३ खेलाडी राष्ट्रिय टोलीको प्रारम्भिक सूचिमा समेटिएका हुन् ।

ए डिभिजन क्लब एनआरटीबाट मकवानपुरका विशेष बानियाँ र सन्तोष गोङ्बा चयन भएका छन् यस्तै त्रिभुवन आर्मी क्लबबाट भुवन कामी राष्ट्रिय टिमको प्रारम्भिक सूचिमा परेका हुन् । बानियाँ र गोङ्बाट एनआरटीबाट यु-१६ लिग समेत खेलिरहेका छन् भने कामी पनि त्रिभुवन आर्मीबाट यु-१६ लिगमा खेलिरहेका छन् । कामी यु-१३ देखि नै त्रिभुवन आर्मीमा आवद्ध छन् । यु-१६ राष्ट्रिय टिमले दक्षिण एसियाली यु-१६ फुटबल प्रतियोगितामा सहभागिता जनाउने छ । यु-१६ फुटबल प्रतियोगिता आगामी भदौ १५ देखि २५ गतेसम्म भुटानमा आयोजना हुँदैछ ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

BUDDHA
Bar & Restaurant
MAKI
Sushi
Frist time
in
greenery
city
Hetauda
Relaunching coming wednesday 10-04-2080
Hetauda-4, School Road
For Delivery
9802923576
buddhabar&restaurant

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ